# मानवअधिकारपत्र

Human Rights Post

NHRC Monthly Newsletter Vol. 2 Issue 5 July-Aug. 2009

वर्ष २, अङ्क ५ राष्ट्रिय मानवअधिकार आयोगको बुलेटिन २०६६ भदौ


## मध्यपश्चिममा फैलिएको झाडापखाला र स्वास्थ्यको अधिकारबारे आयोगको प्रतिवेदन सार्वजनिक

मध्य तथा सुदूरपश्चिमाञ्चलका जिल्लाहरूमा फैलिएको झाडापखाला र नागरिकको स्वास्थ्यको अधिकारसम्बन्धी राष्ट्रिय मानवअधिकार आयोगले तयार पारेको प्रारम्भिक स्थलगत अनुगमन प्रतिवेदन सार्वजनिक गरिएको छ । गत साउन २० गते सार्वजनिक गरिएको उक्त प्रतिवेदनमा जाजरकोट र आसपासका जिल्लाहरूमा गत जेठ-असार महिनामा फैलिएको झाडापखाला/हैजा रोगबाट सयौंको मृत्यु र हजारौं मानिसहरू रोगबाट प्रभावित भएको सम्बन्धमा आयोगका टोलीहरूले स्थलगत अनुगमन गरेका थिए । यस क्रममा आयोगको टोलीले जाजरकोट, रुकुम र सुर्खेत जिल्लाको स्थलगत भ्रमण, स्वास्थ्यकर्मी, पीडित व्यक्तिहरू, सरकारी निकायलगायत विभिन्न सरोकारवालासँग भेटघाट, छलफल तथा अन्तरक्रिया गरेको थियो ।




*झाडापखाला प्रभावित जिल्लाहरू (बढी प्रभावित जिल्लालाई गाढा रंगमा देखाइएको छ)*

**प्राप्त तथ्यहरू:**

१. सरकारी तथ्याङ्कअनुसार झाडापखाला रोगबाट प्रभावित जिल्लाहरू र मृतकको सङ्ख्या यस प्रकार रहेको छ : जाजरकोट-१४२, रुकुम-३८, दैलेख-१०, कालिकोट-१, सुर्खेत-१०, दाङ-१, रोल्पा-२, सल्यान-५, डोल्पा-६ । जम्मा मृतक संख्या २१८ । तर, क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतले दिएको तथ्याङ्कअनुसार मध्यपश्चिमाञ्चलका बाँके र दाङबाहेक १३ जिल्ला प्रभावित भएको जनाइएको छ । ती जिल्लाहरूमा २७२ जनाको मृत्यु भएको र २४ हजार ४५४ जनाको उपचार गरिएको पाइएको छ । मृत्यु हुनेमा पुरुष ९३, महिला ८९ र नाबालक ९० जना छन् । यसरी फरक फरक सरकारी निकायमा फरक फरक तथ्याङ्क रहेको र तथ्याङ्कहरूमा एकरूपता नभएको पाइएको छ ।

२. नेपाली सेनाले हेलिकप्टरको प्रयोग गरी जाजरकोट र रुकुममा औषधी वितरण तथा स्वास्थ्यकर्मी परिचालन गरेको छ । नेपाली सेनाले जाजरकोटमा ५ र रुकुममा ३ स्थानमा स्वास्थ्य शिविर खडा गरी उपचार सेवा प्रदान गरेको, सशस्त्र प्रहरी बल र जनपथ प्रहरीले पनि तीन ठाउँमा शिविर सञ्चालन गरेका छन् । सशस्त्र प्रहरी बलको टोलीले सुर्खेत जिल्लाका दुई गाविसमा २ स्वास्थ्य शिविर सञ्चालन गरेको छ । त्यस्तै 'जनसेना'ले पनि स्वत:स्फूर्त रूपमा एक स्थानमा शिविर सञ्चालन गरेको पाइएको छ ।

३. रोग नियन्त्रणको लागि क्षेत्रीय स्वास्थ्य निर्देशनालयमा नियन्त्रण कक्ष खडा गरी सूचना, समन्वय तथा औषधी व्यवस्था गर्न

### भारत भ्रमणका सन्दर्भमा प्रधानमन्त्रीलाई आयोगको सुझाव

ललितपुर/ प्रधानमन्त्रीको भारत भ्रमणको पूर्वसन्ध्यामा राष्ट्रिय मानवअधिकार आयोगले नेपाल र भारतबीच देखिएका मानवअधिकारका साझा समस्याहरूलाई सम्बोधन गर्न प्रधानमन्त्रीलाई सुझाव दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गत साउन ३२ गते एक सुझाव-पत्र पठाउँदै आयोगले मुख्यत: निम्न सवालहरूलाई सम्बोधन गर्न प्रधानमन्त्रीलाई आग्रह गरेको हो-

क) नेपालबाट वर्षेनी हजारौंको सङ्ख्यामा महिला तथा बालबालिकाहरू भारतमा र भारतहुँदै अन्य मुलुकमा बेचिने गरेको पाइएको छ । तसर्थ, मानवता विरुद्धको यस प्रकृतिको गम्भीर अपराधको रोकथाम, नियन्त्रण, पीडित र प्रभावित पक्षहरूको मुक्ति, राहत, पुन:स्थापना र सामाजिक पुन:एकीकरणका लागि दुई देशबीच आवश्यक संयन्त्र बनाउन पहल गर्ने,

ख) भारतसँग जोडिएका नेपालका सीमाक्षेत्र (खासगरी तराईमा) वरपरका नागरिकहरूको दैनिक जीवनयापन बिगत केही समयदेखि सशस्त्र वा आतङ्ककारी गतिविधिहरूबाट प्रभावित छ । ती नागरिकहरूको शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, प्रभावकारी संयन्त्र निर्माण गर्न पहल गर्न, तथा हातहतियार तथा विस्फोटक पदार्थहरूको ओसारपसार नियन्त्रण गर्नेसम्बन्धी प्रभावकारी विधि अवलम्बन गर्ने, र

ग) सार्क राष्ट्रहरूमा देखिएका मानवअधिकारसम्बन्धी सबै समस्याहरूलाई सम्बोधन गर्न मानवअधिकारसम्बन्धी सार्क चार्टरको आवश्यकताबारे छलफल गर्ने ।

### यसभित्र


१. नागरिकको स्वास्थ्य र राज्यको दायित्व २
२. मानवअधिकारको अवस्था ४
३. बालअधिकार परियोजनाको समीक्षा ६
४. एपीएफको १४औं सम्मेलन जोर्डनमा सम्पन्न
भ्रष्टाचार विरुद्ध लड्न र सहकार्य सुदृढ गर्न जोड ७
५. मानवअधिकार ऐनमा परिमार्जन गर्न सुझाव ७
६. मावनअधिकार अध्ययनका लागि आयोगको टोली फ्रान्स र फिलिपिन्स भ्रमणमा ८
७. आयोगका सिफरिस कार्यान्वयन गर्न सरकारद्वारा पत्राचार ९
८. साउन महिनाका अनुसन्धान गतिविधि ९
९. यस महिना मारिएका व्यक्तिहरूको विवरण १०
१०. साउन महिनामा परेका उजुरीहरू ११

# राष्ट्रिय मानवअधिकार आयोग

**केन्द्रीय कार्यालय, ललितपुर**

**आयोगका पदाधिकारीहरू**

| | |
|---|---|
| अध्यक्ष | : केदारनाथ उपाध्याय |
| सदस्य | : रामनगीना सिंह |
| सदस्य | : गौरी प्रधान |
| सदस्य | : डा. लीला पाठक |
| सदस्य | : डा. के.बी. रोकाया |
| सचिव | : विशाल खनाल |

## मासिक सन्दर्भ

# नागरिकको स्वास्थ्य र राज्यको दायित्व

यस वर्षको प्रारम्भसँगै मध्य तथा सुदूरपश्चिम क्षेत्रमा फैलिएको झाडापखालाबारे सम्बन्धित निकायहरूले समयमै चासो दिएनन् । नागरिकको स्वास्थ्य रक्षाको जिम्मेवारी भएका निकायहरूबीच पनि प्रभावकारी समन्वय र सहकार्य भएको पाइएन । परिणाम स्वरूप झाडापखालाबाट हैजाको रूप लिएको यो महामारीले दुई सयभन्दा बढीको ज्यान लियो । राष्ट्रिय मानवअधिकार आयोगले गरेको अनुगमनवाट यो महामारीबाट कम्तीमा २१८ जनाको मृत्यु भएको पाइएको छ जसअनुसार जाजरकोटमा-१४२, रुकुममा-३८, दैलेखमा -१०, कालिकोटमा -१, सुर्खेतमा -१०, दाङमा -१, रोल्पामा -२, सल्यानमा-५, डोल्पामा-६ को मृत्यु भएको छ । अन्य जिल्लाहरूमा पनि यो प्रकोपबाट जीवन गुमाउनेहरू छन् । यो तथ्याङ्क साउन तेस्रो साता सम्मको मात्र हो ।

प्रदुषित पानीको प्रयोग रोगबाट झाडा पखाला र हैजाको सङ्क्रमण फैलिएको पाइएको छ । एकातिर, प्रकोप फैलिन थालेको सुरु महिनाहरूमा स्वास्थ्य केन्द्रहरूमा सामान्य झाडापखाला नियन्त्रण गर्न जीवनजल र औषधीहरू समेत नभएको अवस्था र अर्कातर्फ विभिन्न स्वास्थ्य चौकीहरूमा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू नभएकाले रोग समयमा नै नियन्त्रण हुन नसकेको देखिन्छ । त्यस्तै, जिल्लामा प्रयोगशालाको सुविधा नभएकाले परीक्षणबिना नै अनुमानका भरमा बिरामीहरूलाई औषधी वितरण गरिएकाले नागरिकको स्वास्थ्य अझ जोखिमपूर्ण बनेको तथ्य सर्वविदितै छ । अज्ञात सरुवा रोग फैलिरहेको भन्ने त्रास र भय जनमानसमा रहेको कारण बिरामीका आफन्त र छरछिमेकीले समेत बिरामीलाई उपचारमा नलैजाने गरेकाले मृतकहरूको सङ्ख्या बढेको देखिन्छ । विश्वखाद्य कार्यक्रम लगायतका संस्थाहरूबाट बिक्रीवितरण गरिएको खाद्यान्नको गुणस्तरमा समेत प्रश्न चिह्न लागेको अवस्था छ ।

स्वास्थ्यको अधिकार नागरिकको मौलिक अधिकार हो । यो कसैको दया वा निगाहको विषय होइन । मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ मा राष्ट्रहरूले आफ्नो देशका जनतालाई स्वास्थ्यसम्बन्धी अधिकार प्रत्याभूत गर्ने दायित्व तोकिएको छ । विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्यको अधिकारलाई हरेक व्यक्तिले उपभोग गर्ने आधारभूत मौलिक अधिकार भनेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ ले नागरिकको आधारभुत स्वास्थ्यसम्बन्धी हक प्रत्याभूत गरेको छ । देशको संविधानमा मात्रै हैन नेपालले अन्तर्राष्ट्रिय दस्तावेजहरूमा समेत नागरिकको स्वास्थ्य अधिकार पूर्ति गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १२ मा पक्ष राष्ट्रहरूले आफ्नो देशका जनतालाई स्वास्थ्यसम्बन्धी अधिकार प्रत्याभूत गर्ने दायित्व तोकिएको छ । नेपाल यो अन्तर्राष्ट्रिय दस्तावेजमा पक्षराष्ट्रको हैसियतले नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर्न यसको अझै ठूलो दायित्व छ । नागरिकले अनुभूत गर्न सक्ने गरी संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्यको हक लगायतका मौलिक हरूलाई व्यवस्थापन गर्नु राज्यको दायित्व हो । संविधानमा लेख्दैमा वा प्रतिवद्धता जनाउँदैमा ढुक्क पर्ने अवस्था छैन ।

\- सम्पादक

केन्द्रबाट एक प्रतिनिधि खटाइएको छ । त्यसैगरी जाजरकोट जिल्लाका स्वास्थ्य कार्यालयहरूमा रिक्त दरबन्दीमा स्वास्थ्यकर्मी कर्मचारीहरू करारमा नियुक्त गरिएका छन् ।

४. नेपाल रेडक्रस सोसाईटी सुर्खेतले जिल्लाका विभिन्न गाविसमा १ हजार पानी शुद्ध गर्ने 'वाटर गार्ड' वितरण गरिसकेको र थप पाँच हजार वितरण गर्नका लागि तयारी गरेको छ । साथै रेडक्रसका स्वयम्सेवकहरूले गाउँगाउँमा बिरामीहरूलाई सहयोग गरिरहेको र चेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन गरिरहेका छन् ।

### रोग फैलनुको कारण

दिसा मिसिएको प्रदुषित पानीको प्रयोग रोग फैलिने मुख्य कारण भएको आयोगको टोलीले जनाएको छ । स्वास्थ्य केन्द्रहरूमा प्रकोप आरम्भ भएको सुरु समयमा जीवनजल र औषधीहरू समेत नभएको अवस्था थियो । जिल्लामा ल्याब परीक्षणको व्यवस्था नभएको हुँदा परीक्षणबिना नै बिरामीहरूलाई औषधी वितरण गरिँदा नागरिकको स्वास्थ्यलाई अझ बढी जोखिममा पारेको थियो । स्वास्थ्य चौकीहरूमा दरबन्दीअनुसार स्वास्थ्यकर्मी नभएकाले रोग समयमा नै नियन्त्रण हुन नसकेको टोलीको ठहर छ । अज्ञात सरुवा रोग फैलिरहेको भन्ने त्रास र भय जनमानसमा रहेको कारण बिरामीका आफन्त र छरछिमेकीले समेत बिरामीलाई उपचारमा लैजाने गरेकाले मृतकहरूको सङ्ख्या बढेको हो । विभिन्न संस्थाहरूबाट बिक्रीवितरण गर्ने खाद्यान्न (दाल, चामल) को गुणस्तरमा समेत आशङ्का गरिएको अवस्था छ ।



*स्थलगत अनुगमनका क्रममा शान्ति राज्यमन्त्रीसँग स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै आयोगको टोली*

### सरकारी कामकारबाहीको अवस्था

उपचारको पहुँचमा आइसकेका ९५ प्रतिशत बिरामीहरूको स्वास्थ्य अवस्थामा सुधार भई घर फर्किएको भन्ने जानकारी सरकारी निकायहरूले दिएका छन् । सरकारी अधिकारीहरूले सञ्चारमाध्यममा आएको तथ्याङ्क वास्तविक मृतकहरूको तथ्याङ्कभन्दा बढी भएको सरकारी अधिकारीहरूको दाबी छ । झाडापखालाबाट मृत्यु भएका व्यक्तिका लागि १० हजार र घरमूलीकै मृत्यु भएको अवस्थामा थप पाँच हजार रुपैया राहतस्वरूप उपलब्ध गराउने भनी प्रभावित जिल्लाको भ्रमणका क्रममा प्रधानमन्त्री माधवकुमार नेपालले दिएको आश्वासन कार्यान्वयन भएको पाइएन ।

सरकारले उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूलाई थप उत्प्रेरणा तथा आवश्यक सुविधाको व्यवस्था गरेको पाइएन । आर्थिक नियमावलीले ७ दिनभन्दा बढीका लागि दैनिक तथा भ्रमण

भत्तामा अवरोध सिर्जना गरेकाले जटिलता उत्पन्न भएको पाइयो । स्वास्थ्य विभागमा रहेको महामारी तथा रोग नियन्त्रण महाशाखाले समयमै रोग फैलनुको कारक तत्व पत्ता लगाउन नसकेकाले यसको भूमिका प्रभावकारी देखिएन । जाजरकोट जिल्ला अस्पतालमा तीनजना डाक्टरको दरबन्दी भएकोमा दुईजना मात्र कार्यरत छन् । प्रकोप प्रभावित अन्य जिल्लाका स्वास्थ्य कार्यालयका रिक्त दरबन्दीमा अझै पनि पदपूर्ति भएको छैन । जिल्ला दैविक प्रकोप उद्धार समितिले रोग नियन्त्रणका लागि तत्काल समन्वयकारी भूमिका निर्वाह गर्न नसकेको पाइयो ।

आयोग टोली समक्ष स्थानीय व्यक्तिहरूले क्षेत्रीय प्रशासन कार्यालयको भूमिका प्रभावकारी र समन्वयकारी नभएको गुनासो गरे । सचिवको दरबन्दी रहेको कार्यालयमा अधिकृतस्तरको कर्मचारीले निमित्त भई चलाईराखेको पाईयो । हालसम्म पनि झाडापखाला प्रभावित कतिपय दुर्गम क्षेत्रमा औषधी, विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरू नपुगेको अवस्था छ ।

### चुनौतीहरू

बिरामीहरू स्वास्थ्य चौकी तथा शिविरसम्म पुग्न नसक्ने तथा स्वास्थ्यकर्मीहरू गाउँ-गाउँहरूमा पुग्न नसक्ने अवस्था रहेकाले रोग नियन्त्रणमा चुनौती कायमै रहेको पाईयो । भौगोलिक विकटता र प्रतिकुल मौसम थप चुनौतीका रूपमा रहेकाले रोग नियन्त्रण गर्न कम्तिमा २ महिना लाग्ने सरकारी निकायको भनाइ रहेको छ । जाजरकोट जिल्लाबाहेक अन्य जिल्लाहरूमा रोगलाई महामारीको रूपमा लिने वा नलिने भन्ने सम्बन्धमा चिकित्सकहरू बीचमा नै फरक-फरक मत रहेको देखियो । साथै, विभिन्न निकाय तथा संस्थाहरूबाट खटिएका उद्दारकर्मीहरूबीच कार्यगत समन्वयको अभाव रहेको पाइयो । चेतनाको अभाव र विपन्नता रोग नियन्त्रणका मुख्य चुनौती हो भन्ने टोलीको ठम्याइ छ ।

### नेपाल सरकारलाई आयोगको सिफारिसः

१) यो महामारी फैलनुको कारण पत्ता लगाउन र त्यसको रोकथाम तथा नियत्रणमा जिम्मेवार व्यक्ति वा निकायको पहिचान गरी कारबाही गर्न विशेष छानबिन समितिको गठन गर्ने र सत्यतथ्य सार्वजनिक गर्ने । आगामी दिनमा यस्तो महामारी फैलिन नदिन सावधानीका उपायहरूको अवलम्बन गर्ने ।

२) झाडापखाला प्रभावित क्षेत्रलाई यथाशीघ्र 'स्वास्थ्य सङ्कट क्षेत्र' घोषणा गरी रोग नियन्त्रण गर्ने अभियानलाई व्यापक बनाउनु पर्ने । यसका लागि स्वास्थ्यकर्मीहरूको रिक्त दरबन्दी तत्काल पूर्ति गर्नुपर्ने र आवश्यक औषधीको पर्याप्त व्यवस्था मिलाउनुपर्ने ।



*जाजरकोटमा झाडापखालाका बिरामीहरूको अवस्थाबारे जानकारी लिँदै आयोगको टोली*

स्वास्थ्यकर्मीहरूको मनोबल उच्च राख्न थप प्रोत्साहन भत्ता, उचित खानपिन र बसोबासको व्यवस्था, जीवन बीमाको व्यवस्था तथा निश्चित समयावधि किटानगरी पठाउनु पर्ने ।

३) क्षेत्रीय स्वास्थ्य निर्देशनालय, क्षेत्रीय प्रशासन कार्यालय, जिल्लास्थित सम्बन्धित कार्यालयहरूलाई आवश्यक पर्ने आर्थिक तथा प्रशासनिक अधिकारहरू प्रत्यायोजन गरी रोग नियन्त्रण प्रक्रियामा छिटो निर्णय लिन जिम्मेवार बनाउनु पर्ने । रोग नियन्त्रणका लागि राज्यका सबै निकायले एकीकृत भई गाउँगाउँबाट बिरामीलाई स्वास्थ्य केन्द्रसम्म ल्याई उपचार गर्ने व्यवस्था मिलाउनुपर्ने ।

४) रोग नियन्त्रण गर्न तथा मृतकका परिवारहरू (बालबालिका, वृद्ध तथा अशक्त) को संरक्षणका लागि तत्काल छुट्टै विशेष एकीकृत प्याकेज कार्यक्रम सुरु गर्नुपर्ने ।

५) विभिन्न संस्थाहरूबाट बिक्रीवितरण गरिएको खाद्यान्न (दाल, चामल) को गुणस्तरमा समेत शङ्का गरिएको अवस्था भएकाले तत्कालै त्यसको छानबिन गर्नु पर्ने । स्वच्छ तथा सफा खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाउने ।

६) स्वास्थ्यसम्बन्धी जनचेतनाको अभिवृद्धि गर्न स्थानीय सञ्चारमाध्यमबाट व्यापक प्रचारप्रसारको अभियान सञ्चालन गर्न व्यवस्था गर्नुपर्ने ।

७) सरकारले सञ्चारमाध्यममा आएका समाचारलाई गम्भीर रूपमा लिई विषयको गहनतालाई मध्यनजर गर्दै तत्काल सम्बोधन गर्नु पर्ने ।

**मध्यपश्चिममा फैलिएको झाडापखालाको प्रकोपबाट मृत्यु भएका व्यक्तिको तथ्याङ्क**

| जिल्ला | पुरुष | महिला | बालबालिका | जम्मा |
|---|---|---|---|---|
| जाजरकोट | ७१ | ७१ | ६५ | २०७ |
| रुकुम | १७ | १५ | १८ | ५० |
| सुर्खेत | ७ | ३ | १ | ११ |
| डोल्पा | | | ८ | ८ |
| बर्दिया | १ | | | १ |
| दैलेख | ५ | ८ | ५ | १८ |
| मुगु | २ | १ | २ | ५ |
| रोल्पा | १ | ४ | १ | ६ |
| सल्यान | १ | २ | ३ | ६ |
| जुम्ला | १ | | १ | २ |
| हुम्ला | १ | | | १ |
| जम्मा | १०३ | १०४ | १०४ | ३१२ |

*श्रोत: म.प क्षेत्रीय कार्यालय सुर्खेत*

**मध्यपश्चिममा देखिएको स्वास्थ्य सङ्कटबाट उल्लङ्घन भएका मानवअधिकारहरू**

- मानवअधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ ले प्रत्यभूत गरेको बाँच्न पाउने अधिकार,
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ६ ले प्रत्याभूत गरेको बाँच्न पाउने अधिकार,
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १०(२), १२ (१), १२(२) र १३ (१) ले प्रत्याभूत गरेको स्वास्थ्यसम्बन्धी अधिकार,
- बालअधिकार महासन्धि, १९८९ को धारा ९, धारा २०, धारा २४ र धारा २८ ले प्रत्याभूत गरेका अधिकार,
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ ले प्रत्याभूत गरेको वातावरण तथा स्वास्थ्यसम्बन्धी मौलिक हकको उल्लङ्घन,
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ ले प्रत्याभूत गरेको बालबालिकाको हकसम्बन्धी मौलिक हकको गम्भीर उल्लङ्घन ।

# साउन महिना मानवअधिकारको अवस्था

विभिन्न सशस्त्र समूहले गर्ने गरेको हत्या, अपहरण, कुटपिट चन्दा र धम्की जस्ता गतिविधिमा केही कमि आएको छ तर त्यस्ता गतिविधिहरू कायमै छन् । शान्तिसुरक्षाको अवस्थामा सुधार नदेखिएकाले अघिल्लो महिनामा जस्तै उद्योग व्यवसायीहरू पलायन हुने र मजदुरहरू बेरोजगार हुने क्रम जारी छ । न्युन आय भएका सर्बसाधारणलाई महँगीको मारले सबैभन्दा बढी पिरोलेको छ ।

पूर्वी तथा मध्य तराईका जिल्लाहरूमा यो महिनामा अपहरणका घटनाहरूमा केही बृद्धि भएको छ भने प्रहरी कारबाही तथा भीडन्तको क्रममा गोली लागी मृत्यु हुनेको सङ्ख्या पनि बढेको छ । नयाँ सुरक्षा नीति लागू भएको भनी सरकारले भनिरहे पनि सर्वसाधारणले त्यसको अनुभूति पाउन सकेका छैनन् । आपराधिक कृयाकलाप नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न प्रहरी सक्रियता बढेको भएपनि अपराधको दर अपेक्षित रूपमा घटेको छैन ।

जनकपुर र आसपासका जिल्लामा साउन महिनामा शान्तिसुरक्षाको अवस्थामा केही सुधार आएको छ । त्यसैगरी अपहरण र हत्याका घटनाहरू तुलनात्मक रूपमा कम भएको पाइयो यो महिना । धनुषामा अपहरण र हत्याका घटनाहरूमा कमी आएता पनि नयाँ सुरक्षा नीतिका नाममा सुरक्षा निकायका गतिविधिले मानवअधिकार उल्लङ्घन हुनसक्ने र शान्तिसुरक्षाको अवस्थामा प्रतिकुल असर पार्न सक्ने सम्भावना बढेको छ । आफ्नो जीउधनको रक्षा हुनेमा सर्बसाधारणहरू सशंकित छन् ।



*मानवअधिकारको अवस्थाबारे सर्वसाधारणसँग जानकारी लिँदै आयोगको टोली*

साउन महिनामा आयोगका कार्यालयहरूमा विभिन्न विषयमा ४१ ओटा उजुरीहरू दर्ता भए । यो अघिल्लो महिनाभन्दा ९ ओटाले कम हो । यो महिना हत्यासम्बन्धी ७, बेपत्ता/अपहरणसम्बन्धी १०, यातना/दुर्व्यवहारसम्बन्धी ६, घाइते/कुटपिटसम्बन्धी ३, सम्पति कब्जासम्बन्धी ३, धम्कीसम्बन्धी ३, क्षतिपूर्तिसम्बन्धी १, महिला अधिकारसम्बन्धी ४, बाल अधिकारसम्बन्धी १, र न्याय प्रशासनसम्बन्धी, २ उजुरी परे । तर, विस्थापित, कारागार/थुनासम्बन्धी, नागरिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, विदेशमा नेपाली लगायतका विषयमा कुनै उजुरी परेनन् । कार्यालयगत आधारमा जुम्ला सम्पर्क कार्यालयमा कुनै उजुरी परेनन् । क्षेत्रगत आधारमा यो महिना पूर्वाञ्चल ८, मध्यमाञ्चलमा १२, पश्चिमाञ्चल १०, मध्यपश्चिमाञ्चल ९, सुदूरपश्चिमाञ्चल २ उजुरीहरू प्राप्त भए । बिगतको द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घन भएका घटनाका सम्बन्धमा आयोगका कार्यालयहरूमा उजुरी पर्ने क्रम जारी छ ।

### जीवनको अधिकार

स्थानीय व्यक्तिले भारतबाट साउन २ गते ल्याउँदै गरेको मलसम्बन्धी विषयमा उत्पन्न विवादको क्रममा सशस्त्र प्रहरीले चलाएको गोली लागी सप्तरी जिल्लाको बिष्णुपुर गाविस-४ बस्ने अखिलेन्द्र यादवको मृत्यु भयो भने अन्य दुई घाइते भए । यो घटनको विरोधमा राजनीतिक पार्टी, सङ्घर्ष समिति तथा विभिन्न समूह तथा सङ्घसंगठनहरूले सप्तरीको राजविराज बन्द गरे । यस क्रममा बन्दकर्ताहरूले जिल्ला प्रहरी कार्यालय, पुनरावेदन अदालत र जिल्ला प्रशासन कार्यालयमा ढुङ्गामुढा गर्नुका साथै जिल्ला अदालतको गाडी र जिल्ला वन कार्यालयका दुई मोटरसाइकल समेत जलाए । यस क्रममा प्रहरीले १८ जना प्रदर्शनकारीलाई नियन्त्रणमा लियो साथै दर्जनौं अश्रुग्याँस र हवाई फायर समेत गर्‍यो । यो घटनाको बिरोधमा राजविराज बजार र आसपासको क्षेत्र १३ दिनसम्म बन्द रह्यो । आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले घटनाको अनुगमन गरेको थियो । घटनाको अनुसन्धान जारी छ ।

साउन ४ गते सिरहाको औराहा चोकमा प्रहरीको कारबाहीमा परी मधेस-राष्ट्र जनतान्त्रिक पार्टीका अध्यक्ष रामनारायण महतोको मृत्यु भयो । घटनास्थलमै मृतकका साथबाट बन्दुक, गोली र मोटरसाईकल बरामद गरेको प्रहरीको दाबी छ तर पीडितका आफन्तले प्रहरीले निज महतोलाई पक्राउ गरिसकेपछि हत्या गरेको दाबी गरेका छन् । आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले यो घटनाको अनुसन्धान गरिरहेको छ ।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह) का वार्ता टोली सदस्य अविनाश मुक्तिलाई साउन ६ गते धनुषा जिल्लाको लक्ष्मीनिया बजारमा स्थानीय युवाहरूसँग भएको विवादमा कुटपिट भएको र सादा पोसाकमा रहेका प्रहरीले समेत थप कुटपिट गरी मृत्यु भएको आरोप स्थानीयवासीले लगाएका छन् । एकीकृत नेकपा (माओवादी) को भ्रातृसंगठन योङ कम्युनिस्ट लिगका धनुषा जिल्ला सदस्य राकेश नेपालीको नेपाल-भारत सीमानजिक भारतको सितामढीमा साउन ६ गते गोली हानी हत्या भयो । साउन ७ गते जिल्ला प्रहरी कार्यालय धनुषाको प्रहरी टोलीले जवाफी कारबाहीमा तराई राष्ट्रिय मुक्ति सेनाका पूर्वी सैन्य कमान्डर एवम् संयोजक आकाश त्यागी भनिने राम यादव (वर्ष २५) को मृत्यु भएको प्रहरीले बताएको छ । निज त्यागीलाई प्रहरीले आफ्नो कब्जामा लिई गोली हानी हत्या गरेकाले त्यसको स्वतन्त्र अनुसन्धान गरी पाउँ भनी आयोगमा उजुरी परेकाले आयोगले यो घटनाका बारेमा अनुसन्धान गरिरहेको छ । रौतहट जिल्ला विश्रामपुर गाविसको चाँदी खोलामा वाईसीएल केन्द्रीय सदस्य एवम् भोजपुरा राज्य समिति सदस्य लक्ष्मण यादव (हिमाल) को अज्ञात समूहले साउन १० गते हत्या गर्‍यो ।

अधिक वर्षाका कारण साउन १३ गते संखुवासभाको तमकु गाविस-९ मा गएको पहिरोमा परी १३ जनाको मृत्यु भयो र १५ जनाको अवस्था अझै अज्ञात छ । यो पहिरोका कारण ५ सय घरपरिवार आसपासका क्षेत्रमा विस्थापित भएका छन् । आयोगको सम्पर्क कार्यालय खोटाङले यो घटनाका सम्बन्धमा अनुगमन गर्न घटनास्थल पुगिसकेको छ । साउन १३ गतेदेखि हराइरहेका सिरहाको कल्याणपुर जब्दी गाविस-९ का सोनेलाल पासवानको शव आधा जमिनमा गाडिएको अवस्थामा दुईदिन पछि सिरहाको चुर्मी नदी किनारमा फेला पर्‍यो । त्यस्तै ८७ बर्षीय कमानसिंह दर्नालको मृत शरीर साउन १९ गते इलामको एकतप्पा भन्ने स्थानमा फेला परेको छ ।

धनुषा जिल्ला ढल्केवर गाविस-३ बस्ने विनोद यादवलाई चोरीका आरोपमा साउन १५ गते इलाका प्रहरी कार्यालय ढल्केवरले पक्राउ गरेकोमा भोलिपल्ट निज यादवको प्रहरी हिरासतमा मृत्यु भयो । हिरासतमा झुण्डिएर मृत्यु भएको प्रहरीले दाबी गरे पनि मृतकका आफन्तले निज यादवलाई प्रहरीले यातना दिई मारेको आरोप लगाएका छन् । आयोगको जनकपुर क्षेत्रीय कार्यालयले यस घटनाको अनुसन्धान गरिरहेको छ ।

**स्वास्थ्यको अधिकार**

मध्यपश्चिमका पहाडी जिल्लाहरू खासगरी जाजरकोट, रुकुम, सल्यान, सुर्खेतमा झाडापखाला नियन्त्रणमा आइसकेको छैन । खाद्यान्नको अभाव, औषधी उपचारमा कठिनाइ, कर्णाली राजमार्गको सञ्चालनमा अवरोध भएकाले नागरिकका आधारभूत आवश्यकता प्राप्ति गर्ने र आवागमनको अधिकार प्रत्यक्ष प्रभावित भएको छ । सुदूरपश्चिमका पहाडी जिल्लामा झाडा पखालाको प्रकोप देखिन थालेको भए पनि अन्य अवस्था सामान्य रहेको छ । अन्तर्राष्ट्रिय स्तरमै फैलिएको स्वाइन फ्लु नेपालमा पनि भेटिएको छ । देशका मुख्य नाकाहरूमा चिकित्सकहरूका केही टोली सक्रिय देखिए पनि खुला सीमा भएकाले भारतबाट नेपाल प्रवेश गर्नेहरूमा पर्याप्त निगरानी बढाउन नसक्दा यो रोग फैलन सक्ने जोखिम बढेको छ ।

मध्य-पश्चिमाञ्चलका जाजरकोट, रुकुम र सुर्खेत जिल्लामा जेठ-असार महिनामा फैलिएको झाडा-पखालाबाट २ सय १८ व्यक्तिको मृत्यु भएको र हजारौं मानिसहरू रोगबाट प्रभावित भएको सरकारी निकायहरूले जनाएका छन् । जिल्ला स्वास्थ्य कार्यालय जाजरकोटको तथ्याङ्कअनुसार.साउन २० गतेसम्म यो जिल्लामा मात्रै १४२ जनाको मृत्यु भइसकेको छ । आयोगले ती जिल्लाहरूमा स्थलगत अनुगमन गरी सरोकारवाला पक्षहरूसँग आवश्यक जानकारी संकलन तथा सरकारी निकायहरुबाट भइरहेका प्रयासहरूबारे समयसमयमा जानकारी लिएको थियो । यस क्रममा आयोगको अनुगमन टोलीले स्थलगत भ्रमण, स्वास्थ्यकर्मी, पीडित व्यक्तिहरू, सरकारी निकायलगायत विभिन्न सरोकारवालासँग गरेको भेटघाट, छलफल आदिबाट प्राप्त गरेको तथ्यहरूलाई पत्रकारसम्मेलन मार्फत् सार्वजनिक गर्नुका साथै सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराएको छ ।

आयोगले यो महामारी फैलनुको कारण पत्ता लगाई यसको रोकथाम तथा नियन्त्रणमा जिम्मेवार व्यक्ति वा निकायको पहिचान गरी कारबाही गर्न विशेष छानबिन समितिको गठन गर्न तथा स्वास्थ्यसम्बन्धी जनचेतनाको अभिवृद्धि गर्न, सञ्चारमाध्यमबाट व्यापक प्रचारप्रसारको अभियान सञ्चालन गर्न, र सञ्चारमाध्यम मार्फत् सार्वजनिक भएका समाचारलाई गम्भीर रूपमा लिई विषयको गहनतालाई विचार गर्दै तत्काल सम्बोधन गर्न नेपाल सरकारलाई सिफारिस पठाएको छ ।

साउन महिनामा सिन्धुली जिल्लाको कल्पवृक्ष र क्यानेश्वर गाविसहरूमा फैलिएको अज्ञात रोगबाट तीन बालबालिकासहित पाचँको मृत्यु भयो । सुरुमा टाउको दुख्ने, ज्वरो आउने र बढ्दै जाने र श्वासप्रश्वासमा अवरोध आई मृत्यु हुने रोगको लक्षण थियो ।

रोग नियन्त्रण गर्न काठमाडौंबाट चिकित्सकहरूको टोली मगाई रोग नियन्त्रणमा लिइएको जानकारी स्थानीय निकायहरूले आयोगलाई दिएका छन् ।

**अपहरण/बेपत्ता**

नेपाल टेलिकम विराटनगरका कर्मचारी शेखर पोखरेललाई साउन २ गते सुनसरीको अमाहबेला भन्ने ठाँउबाट अज्ञात हतियारधारी समूहले अपहरण गऱ्यो । साउन ६ गते सिरहा जिल्लाको झिझाउना गाविस-७ कदमाहा राम इकवाल (१४ वर्ष) लाई हतियार देखाई अज्ञात समूहले अपहरण गऱ्यो । खोटाङको छितापोखरी–१ बस्ने कृष्ण खड्कालाई साउन ९ गते खुम्बुवान् जनतान्त्रिक वर्कर्स पार्टीका कार्यकर्ताले अपहरण गरे । उनको अवस्था अझसम्म पनि सार्वजनिक हुन सकेको छैन । साउन १३ गते अज्ञात समूहद्वारा अपहरण गरिएका सुनसरी महेन्द्रनगरका अमर जिमीलाई प्रहरीले साउन २० गते उद्धार गऱ्यो । इटहरीका नारायण दाहाललाई जग्गाको मुद्दासम्बन्धी विषयलाई लिएर साउन २२ गते एनेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरे । सुरक्षाकर्मीको सक्रियतामा उनलाई साउन २९ गते भारतको घाइतारबाट सकुशल उद्धार गरियो ।

**यातना र कुटपिट**

साउन २० गते माओवादी सेनाका दुई लडाकु शान्त राई र शरण राईले नेकपा (माओवादी) मात्रिका समूहमा प्रवेश गरेकाले उनीहरूलाई एकीकृत नेकपा (माओवादी) का कोचिला राज्य समितिका कार्यकर्ताहरूले अपहरण गरी ईलामको दानाबारीमा रहेको जनमुक्ति सेनाको क्याम्पमा लगी २ दिनसम्म यातना दिएपछि शान्त राईलाई साउन २२ मा अपहरण मुक्त गरेको तर शरण राई भने अझै कब्जामै रहेको जानकारी प्राप्त भएको छ । यस सम्बन्धमा आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले अनुगमन सुरु गरेको छ । साउन २९ गते सुनसरीको इनरुवामा नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्यलगायत युवाहरूलाई प्रहरीले कुटपिट गर्दा छजना घाइते भए । यो घटनाको विरोधमा विद्यार्थीले साउन ३१ र ३२ गते इनरुवा बजार बन्द गरे । दुर्घटना मृत्यु भएका गोपाल श्रेष्ठको दाहसंस्कार गरी फर्केका युवाहरूलाई साउन ३० गते प्रहरीले कुटपीट गर्दा आठजना घाइते भए । उनीहरूलाई विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरिएको थियो ।

**जबर्जस्ती चन्दा र धम्की**

साउन २ गते खोटाङ जिल्लाका गाविस सचिवहरूसँग नेकपा (माओवादी) मात्रिका समूह र खुम्बुवान् जनतान्त्रिक वर्कर्स पार्टीका कार्यकर्ताले दुई लाखका दरले चन्दा मागेका कारण गाविस सचिवहरू गाविस जान असुरक्षित भएको भनी जिल्ला सदरमुकाम दिक्तेलमै बसेका छन् । मधेसी विद्यार्थी फोरम (लोकतान्त्रिक) का कार्यकताले स्नातकोत्तर क्याम्पस, विराटनगरमा मधेसी उपप्राध्यापकहरूको नियुक्ति नगरेको भन्दै क्याम्पस प्रमुख हरिहर भण्डारी र सहायक प्रमुख टुनराज भट्टराईलाई साउन २२ गते मोसो दल्नेजस्तो अमानवीय व्यवहार गरे । साउन २७ गते धनकुटा जिल्लाको पाखिवासमा नेकपा (एमाले) का जिल्ला समितिका सदस्य महेन्द्र भट्टराईलाई एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले मार्ने धम्की दिएको जानकारी आयोगलाई प्राप्त भयो ।

**सम्पति कब्जा**

पाँचथर जिल्लाको आङ्ना गाविसमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका केन्द्रीय उपाध्यक्ष पद्मसुन्दर लावतीको ३० रोपनी जग्गा साउन १५ देखि एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले कब्जामा लिएको भनी आयोगले जानकारी प्राप्त गरेको छ ।

**विस्थापन**

साउन १६-१७ गते सुदूरपश्चिमाञ्चल क्षेत्रमा आएको भारी बर्षाका कारण कैलाली र कञ्चनपुरमा आएको बाढी र पहिरोका कारण नदी छेउमा बसेका सुकुम्बासी र मुक्त कमैयाहरू विस्थापित भएका छन् ।

**बन्द/हड्ताल**

तीन महिना अघि एउटा समूहको आक्रमणमा मारिएका सवारी चालक दीपक पाण्डेको परिवारले हालसम्म क्षतिपूर्ति नपाएको र पीडकलाई समेत कारबाही नभएको भन्दै यातायात मजदुर युनियनले साउन २ देखि ५ गतेसम्म झापा बन्द गऱ्यो । यसबाट त्यस क्षेत्रको जनजीवन कष्टकर बन्न पुग्यो । द्वन्द्वको क्रममा जागिर छोडेका पूर्वसुरक्षाकर्मीहरूले पुनर्बहालीको माग राखी साउन पहिलो साता एक हप्तासम्म सुनसरी, सिरहा र सप्तरी बन्द गरेकाले त्यस क्षेत्रको जनजीवन प्रभावित रह्यो । बन्दको क्रममा धेरै सवारीसाधनहरूमा समेत तोडफोड र आगजनी भयो । साउन १० गते सङ्घीय लिम्बुवान् राज्य परिषद्ले आव्हान गरेको बन्दका कारण पूर्वाञ्चलका ९ जिल्लाको जनजीवन अस्तव्यस्त रह्यो । यसै क्रममा एक गर्भवती महिलालाई उपचारार्थ ल्याउँदै गर्दा प्रदर्शनकारीले ईटहरीमा एम्बुलेन्स तोडफोड गरे ।

## बम विस्फोट

साउन ६ गते सुनसरी जिल्लाको धरानबाट प्रहरीले विष्फोटक पदार्थ सहित चारजनालाई गिरफ्तार गऱ्यो। झापा जिल्लाको दमक नगरपालिका-१ बस्ने शेर सिंहको घरमा साउन १० गते फेला परेको बम नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय पारेको छ। विरगञ्ज उपमहानगरपालिका-१४ मा अवस्थित ओम आश्रममा साउन १६ गते अज्ञात समूहले बम विस्फोट गराएको छ। यो आश्रममा प्रेस युनियन पर्सा र ब्रह्मास्त्र दैनिक पत्रिकाको कार्यालय रहेको छ। यो घटनाबाट कुनै क्षति पुगेको छैन। धनुषा जिल्ला पतनुका गाविसमा साउन २६ गते राति भएको डकैतीमा डाँकाहरूले फालेको सुतली बम विष्फोट हुँदा स्थानीय जगदीश साहको मृत्यु भयो।

## बालअधिकार

तनहुँ जिल्लाको दुमौलीमा बाराही आवासीय माविमा कक्षा ६ मा अध्ययनरत विद्यार्थी अमित नेपाली (वर्ष १२) लाई शिक्षक जीवन शाहीले गृहकार्य नगरेको भन्दै साउन ६ गते पाइपले हिर्काउँदा देब्रेहात भाँचिएको छ। एचआइभी सङ्क्रमण भएका दुई बालिकालाई अन्य विद्यार्थीमा समेत उक्त रोग सार्नसक्ने भन्दै विराटनगर-१५ मा अवस्थित उदयानन्द बोर्डिङ स्कुलले विद्यालयमा भर्ना गर्न नमानेको जानकारी आयोगले प्राप्त गऱ्यो। साउन ७ गते दुई बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले स्याबुन गाविस-८ संखुवासभाका सबिन दर्जीलाई ओखलढुङ्गाको तुम्लिङटारबाट गिरफ्तार गऱ्यो। पोखरा उपमहानगरपालिकाको न्यू मिलिनियम बोडिङ स्कुलका कक्षा ८ मा अध्ययनरत तीन छात्रालाई त्यसै विद्यालयका एक शिक्षकले दुर्व्यवहार गरेको भनी साउन २३ गते आयोगमा उजुरी प्राप्त भएको छ।

## भेदभाव

यो महिनामा पनि जातीय छुवाछुतसम्बन्धी उजुरी प्राप्त भएको छ। यसबाट अझै जातीय विभेदका घटनाहरूमा कमि आउन सकेको छैन। बाग्लुङ जिल्ला लेखानी गाविस-७ का दलित महिलाहरूलाई गैरदलित समुदायका मानिसले समाजमा कुनै पनि काममा संलग्न नगराउने गरी सामाजिक बहिस्कार गरेको जानकारी आयोगमा प्राप्त भएको छ।

## महिलाअधिकार

त्यस्तै, सुनसरीको धरानमा तीनजना महिलालाई निजका पतिहरूले शारीरिक र मानसिक यातना दिएको जानकारी आयोगले प्राप्त गऱ्यो। पीडितहरूले आफूहरूले वैवाहिक बलात्कारको अवस्था सहनु परेको बताए। सिरहा जिल्लाको मलहा गाविस-६ की २२ वर्षीया राधादेवी साडाको घरेलु हिंसाका कारण साउन ७ गते मृत्यु भयो। महोत्तरी जिल्ला बसविट्टी गाविस-८ बस्ने दलित महिला पटमरी दासलाई बोक्सीको आरोपमा साउन दोस्रो साता छिमेकीहरूले निर्मम कुटपिट गरी मानव मलमुत्र खुवाउने दुर्व्यवहार गरे। यो कार्यमा स्थानीय व्यक्ति लक्ष्मण दास र निजका आफन्तको संलग्नता रहेको भनी सञ्चारमाध्यममा उनीहरूको नाम समेत सार्वजनिक भयो। लक्ष्मण दासका दुई छोराहरू अजय दास र विजय दासलाई बोक्सी मन्त्र लगाई मारेको भन्ने आरोपमा पटमरी दासलाई नियन्त्रणमा लिई उक्त दुर्व्यवहार भएको जानकारीमा आएको छ। जिल्लाका मानवअधिकारकर्मीहरू समेतको सहयोगमा प्रहरीले यो घटनाको अनुसन्धान गरिरहेको छ। तनहुँ जिल्लाको दमौलीका स्थानीय महिला सपना श्रेष्ठ र शान्ति श्रेष्ठलाई दमौलीस्थित नेपाली सेनाको समरदल गुल्ममा कार्यरत जमदार भुवन तैसरीले मादक पदार्थ सेवन गरी साउन २९ गते मादी नदीको पुलमा हातपात र दुर्व्यवहारको प्रयास गरे।

## न्याय प्रशासन

न्यायिक तथा प्रशासनिक कार्यमा ढिलासुस्ती भएका जनगुनासोहरू देशका धेरै स्थानबाट प्राप्त भएका छन्। पहाडी जिल्लामा रहेका कार्यालयहरूमा अधिकांश कार्यालय प्रमुखहरू लामो बिदामा बसेकाले सेवाग्राहीहरू मर्कामा परेका छन्। हतियार बिक्री गरेको आरोपमा साउन १८ गते प्रहरीले दुई व्यक्तिलाई सुनसरीको ईटहरीबाट गिरफ्तार गऱ्यो। मेची राजमार्गमा यातायात व्यवसायीसँग चन्दा माग्दै गर्दा साउन २० गते पाँच लिम्बुवान् कार्यकर्तालाई प्रहरीले पक्राउ गऱ्यो। त्यस्तै, साउन २५ गते लिबरेसन अफ तराई टाइगर्स इलम (एलटिटिई) का दुई कार्यकर्ताहरूलाई सप्तरीको मिर्चैयाबाट पक्राउ गऱ्यो। सर्वसाधारणको दैनिक सेवा प्रवाहमा प्रशासनिक ढिलासुस्ती कायमै छ।

## विदेशमा नेपालीको अधिकार

अमेरिकाको फ्लोरिडा राज्यमा भुटानी शरणार्थी हरीलाल अधिकारी (वर्ष २१) लाई एक आपराधिक समूहले साउन १२ गते गोली हानी हत्या गरेको जानकारी आयोगले प्राप्त गऱ्यो। त्यस्तै साउन २४ गते साउदी अरबमा दुई नेपाली कामदारको मृत्यु भएको छ। विदेशमा रहेका नेपालीको मानवअधिकार संरक्षणमा नेपाली कुटनीतिक नियोगहरूले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको भनी आयोगमा गुनासो तथा जानकारीहरू प्राप्त भएका छन्।

# बालअधिकार परियोजनाको समीक्षा सम्पन्न

विराटनगर/ आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा बालअधिकार परियोजनासम्बन्धी पूर्वाञ्चलमा भएका गतिविधिहरूको समीक्षा सम्पन्न भएको छ। गत साउन २७ गते आयोगको सभाकक्षमा आयोजना गरिएको समीक्षात्मक अन्तरक्रियामा मोरङ जिल्लामा बालबालिकाको क्षेत्रमा काम गर्ने १४ ओटा सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू सहभागी थिए। कार्यक्रममा आयोगको बालअधिकार डेस्कले स्थापना भएदेखि हालसम्मका कृयाकलापको सम्बन्धमा सरोकारवाला संस्थाहरूबाट जानकारी लिइएको थियो। साथै, आगामी दिनमा परियोजनाको सञ्चालन तथा आयोग र बालबालिकाको क्षेत्रमा काम गर्ने संघ-संस्थाहरूका बीचमा सहकार्य तथा समन्वयको सम्बन्धमा समेत छलफल गरिएको थियो। कार्यक्रममा मूल्याङ्कन टोलीका हरि फुँयाल, आयोगको क्षेत्रीय कार्यालयका प्रमुख शंकरनाथ अधिकारी लगायतको उपस्थिति थियो।

# मानवअधिकार अवस्थाबारे अन्तरक्रिया

पोखरा/ आयोगको पश्चिमाञ्चल कार्यालयले त्यस क्षेत्रको मानवअधिकार अवस्थाका बारेमा जानकारी लिन तथा आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका नवनियुक्त प्रमुख यज्ञप्रसाद अधिकारीको परिचय गराउने उद्देश्यले अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो। साउन २३ गते सम्पन्न उक्त कार्यक्रममा विभिन्न संस्थाका तथा नागरिक समाजका प्रतिनिधि सहभागी थिए। त्यस्तै, साउन २७ गते सुरक्षा निकायका प्रमुखहरूसँग परिचयात्मक कार्यक्रम र मानवअधिकारको विषयमा अन्तरक्रिया गरिएको थियो। यस क्रममा आयोग र सुरक्षा निकायबीच मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न विभिन्न सूचना तथा जानकारी आदानप्रदान गर्ने तथा आपसी सम्बन्ध सुमधुर बनाइराख्ने विषयमा कुराकानी भएको थियो। यसैबीच, मानवअधिकार अवस्थाको अनुगमन गर्न तथा विभिन्न सङ्घसंस्थाहरूसँग आगामी दिनमा सहकार्य गर्नेसम्बन्धी विषयमा आयोगको एक टोली गोरखा, लमजुङ र तनहुँ जिल्लामा साउनको अन्तिम सातामा भ्रमण गरी विभिन्न सरोकारवालाहरूसँग छलफल गरेको थियो।

# एपीएफको १४औं सम्मेलन जोर्डनमा सम्पन्न
# भ्रष्टाचार विरुद्ध लड्न र सहकार्य सुदृढ गर्न जोड

काठमाडौं/ भ्रष्टाचार विरुद्ध लड्ने, सौहाद्रपूर्ण संवादको वातावरण सिर्जना गर्ने र सहकार्य सुदृढ गर्ने सहमति जुटाउँदै एसिया प्यासिफिक क्षेत्रका राष्ट्रिय मानवअधिकार संस्थाहरू (एपीएफ) को १४ औं वार्षिक सम्मेलन जोर्डनको राजधानी अम्मानमा सम्पन्न भएको छ। गत साउन १९-२२ गते सम्पन्न भएको यो सम्मेलनमा नेपालको राष्ट्रिय मानवअधिकार आयोग लगायत एसिया प्यासिफिक क्षेत्रका १७ देशका राष्ट्रिय मानवअधिकार संस्थाहरूको सहभागिता थियो। जोर्डनका प्रधानमन्त्री नादेर अलदहबीले उद्घाटन गरेको यो सम्मेलनमा राष्ट्रिय मानवअधिकार संस्थाहरू, सरकारी तथा गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्रसङ्घ र दातृ समूहका प्रतिनिधि समेत गरी १ सय ५० भन्दा बढीको सहभागिता थियो। यो सम्मेलनलाई जोर्डनको राष्ट्रिय मानवअधिकार केन्द्र, एसिया प्यासिफिक फोरम र राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले संयुक्त रूपमा आयोजना गरेका थिए। सम्मेलनले श्रीलङ्का, इरान, म्यानमार र इजरायलद्वारा ओगटिएको प्यालेस्टिनी भू-भागमा मानवअधिकारको अवस्था प्रति चिन्ता र चासो प्रकट गर्‍यो।

सम्मेलनमा बोल्दै राष्ट्रिय मानवअधिकार आयोग, नेपालका अध्यक्ष केदारनाथ उपाध्यायले मानवअधिकार संरक्षण र प्रवर्द्धनमा सरकार र जनताबीचको सम्बन्धसेतुका रूपमा राष्ट्रिय मानवअधिकार संस्थाहरूले अझ सशक्त भूमिका निर्वाह गर्नु पर्ने बताउनु भयो। उहाँले एसिया प्यासिफिक क्षेत्रमा हुने गरेका मानवअधिकार उल्लङ्घनका साझा समस्याहरूको सामना गर्न राष्ट्रिय मानवअधिकार संस्थाहरूको समन्वय र सहकार्य अझ सुदृढ हुनु पर्नेमा जोड दिनुभयो। अध्यक्ष उपाध्यायले सरकारी र अन्तरसरकारी संस्थाहरूबीचको सहकार्यसम्बन्धी सत्रको अध्यक्षता समेत गर्नुभएको थियो। त्यस्तै, आयोगका सचिव विशाल खनालले सार्क क्षेत्रमा मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि क्षेत्रीय स्तरमा भएका गतिविधिहरूका बारेमा प्रस्तुतिकरण गर्नुभयो।

एपीएफ सदस्य संस्थाका उच्चपदस्थ अधिकारीहरूको बैठक, एपीएफको निर्णायक निकायको वार्षिक साधारण बैठक, र एपीएफ सदस्य संस्थाहरू, सरकारहरू र गैससहरू समेतको सहभागितामा दुईदिने सम्मेलन र भ्रस्टाचार एवम् धर्मका सम्बन्धमा विषयगत छलफलहरू सम्पन्न भएका थिए। सम्मेलनमा नाउरु र सामोआ देशका सरकारका प्रतिनिधिहरूले आ-आफ्नो देशमा मानवअधिकार हेर्ने राष्ट्रिय संस्थाहरू गठन गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गरे।

त्यसैगरी यो सम्मेलनमा एसिया-प्यासिफिक क्षेत्रमा आप्रवासी कामदारहरूको मानवअधिकार संरक्षण गर्ने उद्देश्यले एक उपसमितिको गठन भएको छ। दक्षिण कोरियाको राष्ट्रिय मानवअधिकार आयोगका महानिर्देशकको संयोजकत्वमा गठित यस उपसमितिमा नेपालको राष्ट्रिय मानवअधिकार आयोगका सचिव, इन्डोनेसियाको मानवअधिकार आयोगका उपाध्यक्ष, जोर्डनको राष्ट्रिय मानवअधिकार केन्द्रका महानिर्देशक, र मलेसियाको मानवअधिकार आयोगका सचिव सदस्य छन्।

यसैबीच प्यालेस्टिनी स्वतन्त्र मानवअधिकार आयोगको अनुरोधमा एपीएफले इजरायल नियन्त्रित प्यालेस्टिनी भू-भागमा मानवअधिकार अवस्थाको अवलोकन भ्रमण गर्न एक कार्यदलको गठन गर्‍यो। कार्यदलमा राष्ट्रिय मानवअधिकार आयोग नेपालका अध्यक्ष केदारनाथ उपाध्याय र सचिव विशाल खनाललगायत फिलिपिन्स, न्युजिल्यान्ड, अस्ट्रेलियाका आयुक्त तथा उच्च पदस्थ अधिकारीहरू समेत नौजनाको सहभागिता थियो। यो कार्यदलले रमल्लाह, जेयस, टुल्कराम, नेब्लुस, बेथलेहम, हेब्रोन र जेरुसेलम सहरको भ्रमण गरी त्यहाँका मानवअधिकार संस्थाका प्रतिनिधि, सांसद, सरकारी अधिकारी, संयुक्त राष्ट्रसङ्घका कर्मचारी र नागरिक समाजका प्रतिनिधिहरूसँग भेटगरी त्यहाँको मानवअधिकार अवस्थाका बारेमा विभिन्न तथ्यहरू सङ्कलन गर्‍यो। यो कार्यदलले साउन २४ देखि २८ गतेसम्म त्यस क्षेत्रको अवलोकन भ्रमण गरी प्राप्त तथ्यहरूका आधारमा एक प्रतिवेदन एपीएफसमक्ष पेस गरेको छ।

### सम्मेलनका उपलब्धिहरू

- प्यालेस्टाइन र कतारमा मानवअधिकार आयोगहरूलाई पूर्ण सदस्यता र श्रीलङ्काको मानवअधिकार आयोगलाई एसोसिएट सदस्यता प्रदान।
- अन्तर्राष्ट्रिय समन्वय समिति (आइसीसी) को अध्यक्ष पदका लागि एसिया-प्यासिफिक क्षेत्रबाट न्युजिल्यान्ड मानवअधिकार आयोगका प्रमुख आयुक्तलाई उम्मेदवार प्रस्ताव गर्ने निर्णय।
- जोर्डनको राष्ट्रिय मानवअधिकार केन्द्र एपीएफको अध्यक्ष र मलेसिया तथा थाइल्यान्डका मानवअधिकार आयोगहरू उपाध्यक्ष पदमा निर्वाचित।
- एसिया-प्यासिफिक क्षेत्रमा रहेका आप्रवासी कामदारहरूको मानवअधिकार संरक्षणका लागि उपसमितिको गठन।
- इजरायल नियन्त्रित प्यालेस्टिनी भूभागमा मानवअधिकार अवस्थाका बारेमा अनुगमन सम्पन्न।
- एपीएफको पन्ध्रौं र सोह्रौं वार्षिक बैठक तथा सम्मेलनको मिति र स्थान तय।

## मानवअधिकार ऐनमा परिमार्जन गर्न सुझाव

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार आयोगसम्बन्धी ऐनमा नयाँ व्यवस्था गर्न नेपाल सरकारलाई लिखित सुझाव दिएको छ। नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरेको सन्दर्भमा प्रधानमन्त्रीको कार्यालयलाई यो सुझाव पठाइएको हो। नयाँ बन्न लागेको ऐनमा परिमार्जन गर्न नेपाल सरकारलाई आयोगले दिएका मुख्य सुझावहरू निम्न छन् :

- राष्ट्रिय मानवअधिकार संस्थाहरूसम्बन्धी पेरिस सिद्धान्तको 'स्वायत्तता र स्वतन्त्रता' भन्ने शब्दहरू वर्तमान ऐनमा थप गरिनु पर्ने,
- मानवअधिकारको उल्लङ्घनकर्ताहरूलाई राष्ट्रिय मानवअधिकार आयोगले कारबाही गर्न आवश्यक कार्यविधि समावेश गरिनु पर्ने,
- मानवअधिकार उल्लङ्घनबाट मृत्यु भएका व्यक्तिका परिवारलाई दिइने क्षतिपूर्ति रकम ३ लाख रूपैयाँबाट ५ लाख पुर्‍याइनु पर्ने,
- बोक्सी जस्ता आरोपमा कुनै व्यक्तिको मानवअधिकार उल्लङ्घन भएमा दोषी व्यक्तिले नै निज पीडितलाई आवश्यक क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था गर्ने,
- आयोगमा कार्यरत कर्मचारीहरूका निम्ति छुट्टै 'मानवअधिकार सेवा' समूह गठन गर्ने र कर्मचारीको नियुक्ति आयोगले नै गर्ने,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय दातृसंस्थासँग मानवअधिकारसम्बन्धी सन्धिसम्झौता गर्दा आयोगसँग परामर्श गर्ने।

# मानवअधिकार अध्ययनका लागि आयोगको टोली फ्रान्स र फिलिपिन्स भ्रमणमा

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगका दुई छुट्टाछुट्टै टोलीहरूले फिलिपिन्स र फ्रान्सको विभिन्न स्थानमा पुगी मानवअधिकारबारे अध्ययन भ्रमण सम्पन्न गरेका छन् । टोलीहरूले ती देशहरूका विभिन्न स्थानमा रहेका मानवअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको भ्रमण गरी त्यहाँको मानवअधिकार अवस्था र हाम्रो देशले अपनाउन सक्ने उत्तम अभ्यासहरूका बारेमा जानकारी लिएका थिए । युरोपियन युनियनको द्वन्द्व न्युनीकरण कार्यक्रम (दोस्रो चरण) को आयोजनामा दुवै अध्ययन भ्रमणहरू सम्पन्न भएका हुन् ।

फ्रान्सको मानवअधिकार अवस्थाबारे अध्ययन भ्रमणमा निस्केको सात सदस्यीय आयोगको टोलीलाई आयोगका निर्देशक वेदप्रसाद भट्टराईले नेतृत्व गर्नुभएको थियो । यो टोलीले गत साउन ३ देखि १३ गतेसम्म फ्रान्सको पेरिस, स्ट्रासबर्ग लगायतका सहरहरूमा रहेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको अवलोकन तथा मानवअधिकार प्रवर्द्धन र संरक्षण गर्न तिनले सञ्चालन गरेका गतिविधिहरूका बारेमा जानकारी लिएको थियो । भ्रमण टोलीले काउन्सिल अफ युरोप, स्ट्रासबर्ग बार एसोसिएसन, स्ट्रासबर्ग नगरपालिका, युरोपियन युनियनका एम्बुड्सम्यान, युरोपियन युनियनको संसद, इन्टरनेसनल इन्स्टिच्युट अफ ह्युमन राइट्स लगायतका संस्थाहरूको अवलोकन तथा तिनले सञ्चालन गरेका गतिविधिहरूका बारेमा जानकारी लिएको थियो । आयोगको टोलीमा निर्देशक सुवर्णकुमार कर्माचार्य, उपनिर्देशकहरू यज्ञप्रसाद अधिकारी, शंकर अधिकारी र कोषराज न्यौपाने, संरक्षण अधिकृत गीता दाहाल र लेखा सहायक रारा कर्माचार्य सम्मिलित हुनुहुन्थ्यो । अध्ययन भ्रमणबाट फर्केपछि टोलीका संयोजक वेदप्रसाद भट्टराईले भन्नुभयो, 'मानवअधिकार अनुगमनको पक्षलाई फ्रान्समा बढी जोड दिएको पायौं । त्यहाँ राज्यका निकायहरूले मानवअधिकारको विषयलाई ज्यादै गम्भीरताका साथ लिंदा रहेछन् । त्यस्तै, मानवअधिकार सबैको सामूहिक चासोको विषय मानिंदो रहेछ । यी कुराहरू हामीले नेपालमा सिक्न, सिकाउन र व्यवहारमा लागू गर्न जरुरी छ ।'



फिलिपिन्सको मनिलास्थित राष्ट्रिय मानवअधिकार आयोगको पदाधिकारीसँग सामूहिक तस्वीर खिचाउँदै आयोगका टोली



फ्रान्सको स्ट्रासबर्गस्थित युरोपियन काउन्सिलको भवन अगाडि सामूहिक तस्बिर खिचाउँदै भ्रमण टोलीका सदस्यहरू

फ्रान्सको अध्ययन भ्रमणको समूहमा आयोगको टोलीका अतिरिक्त सर्वोच्च अदालतका न्यायाधीश रामप्रसाद श्रेष्ठ तथा दामोदर शर्माले नेतृत्व गरेको न्यायपालिकाको टोली र नेपाल बार एसोसिएसनका अध्यक्ष विश्वकान्त मैनालीले नेतृत्व गरेको नेपाल बार एसोसिएसनको टोली पनि सम्मिलित थिए ।

यसैगरी, आयोगकै अर्को टोली अध्ययन भ्रमणका लागि फिलिपिन्स गएको थियो । गत असार ७ देखि १४ गतेसम्म गरिएको उक्त स्थलगत अध्ययन भ्रमणमा आयोगको टोलीले फिलिपिन्स मानवअधिकार आयोग, सर्वोच्च अदालत, संसद तथा फिलिपिन्समा मानवअधिकार, महिला बेचविखन विरुद्ध, बालअधिकार, प्रवासी कामदारको अधिकार जस्ता क्षेत्रमा क्रियाशील संघसस्थाहरूका प्रतिनिधिहरूसँग भेटघाट गऱ्यो । यसरी भेटघाट गरिएका संस्थाहरूमा बाल यौन दुराचार विरुद्ध क्रियाशील स्टेरवे फाउन्डेसन, पुयर्टो गलेरा, आर्थिक सामाजिक सांस्कृतिक अधिकारको क्षेत्रमा कृयाशिल इएससी-एसिया, मानवअधिकार वकिलहरूको फिलिपिनो संगठन (पाहरा) फिलिपिन्स मानवअधिकार सूचना केन्द्र, प्रवासी कामदारको अधिकार वकालत केन्द्र, आदिवासी जनजातीको क्षेत्रमा क्रियाशील कानुनी अधिकार र प्राकृतिक सम्पदा केन्द्र लगायत छन् ।

फिलिपिन्स अध्ययन भ्रमण टोलीको नेतृत्व आयोगका उपनिर्देशक मुरारिप्रसाद खरेलले गर्नु भएको थियो । भ्रमण टोलीमा रहेका अन्य सदस्यहरूमा उपनिर्देशक दीपकजङ्गध्वज कार्की, संरक्षण अधिकृतहरू प्रदीपकुमार झा, श्यामबाबु काफ्ले, उमा जोशी, जीवन न्यौपाने, मोहनदेव जोशी, तेजमान श्रेष्ठ, जायश्वर चापागाइँ, प्रवर्द्धन अधिकृतहरू सुरेश मल्ल, सरिता शर्मा पराजुरी, मानवअधिकार अधिकृतहरू लोकनाथ बाँस्तोला, बालकृष्ण पोखरेल, दिपेन्द्र सिंह, प्रतिवेदन लेखन अधिकृत कैलाशकुमार सिवाकोटी, बालअधिकार अधिकृत ठाकुरप्रसाद चापागाइँ, कार्यक्रम अधिकृत कमल थापा क्षेत्री, प्रशासन सहायक लेखराज थापामगर, सूचना प्रविधि सहायक पुनम मुनकर्मी र लेखापाल जितेन्द्र कार्की हुनुहुन्थ्यो ।

# आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारद्वारा पत्राचार

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले २०५८ सालदेखि हालसम्म गरेका सिफारिसहरू कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सक्रियता देखाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानवअधिकार प्रवर्द्धन शाखाले गत साउन २३ गते गृह, रक्षा तथा शान्ति तथा पुन:निर्माण मन्त्रालयहरूलाई पत्राचार गरी आयोगका सिफारिसहरू कार्यान्वयन गर्न निर्देशन दिएको छ। आयोगले यस कदमलाई उत्साहजनक भनेको छ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(मानव अधिकार प्रवर्द्धन शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या : मा.अ.०६६/६७
च.नं. : ९८

राष्ट्रिय मानव अधिकार आयोग
दर्ता नं. २६५
मिति ०६६/०४/२६

मिति : २०६६/४/२३

विषय:- राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री गृह मन्त्रालय,
सिंहदरबार।

श्री रक्षा मन्त्रालय,
सिंहदरबार।

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
सिंहदरबार।

उपरोक्त सम्बन्धमा देशमा विगतमा भएको द्वन्द समेतको कारणबाट मानव अधिकारको उल्लंघन भएको र सो उल्लंघन भए बापत पीडित पक्षलाई दिनु पर्ने क्षतिपूर्ति तथा पीडकलाई गर्नु पर्ने कारवाहीको सम्बन्धमा समेत राष्ट्रिय मानव अधिकार आयोगबाट २०५८ सालदेखि हालसम्म भएको सिफारिशको पूर्ण विवरण उक्त आयोगको च.नं. ५७ मिति २०६६/४/२० को पत्रसाथ प्राप्त हुन आएकोले आवश्यक कार्यार्थ यसैसाथ संलग्न राखी पठाईएको छ।

उक्त आयोगबाट भएको उपरोक्त सिफारिशहरुमध्ये यस अघि के कति कार्यान्वयन भएका छन् र पीडित पक्षलाई के कति क्षतिपूर्ति उपलब्ध गराइएको छ सो को पीडित पक्षको नामावली सहितको यथार्थ विवरण समेत अविलम्ब पठाई राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयनमा पूर्ण सहयोग गरी दिनु हुन आदेशानुसार अनुरोध छ।

बोधार्थ :-
श्री राष्ट्रिय मानव अधिकार आयोग,
हरिहरभवन, पुल्चोक।

२०६६/४/२३
(कृष्णराज खनाल)
शाखा अधिकृत

टेलिफोन : ४२११०००, ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४०, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको पत्रमा 'आयोगबाट भएको उपरोक्त सिफारिसहरूमध्ये यसअघि केकति कार्यान्वयन भएका छन् र पीडित पक्षलाई के-कति क्षतिपूर्ति उपलब्ध गराइएको छ, सो को पीडित पक्षको नामावलीसहितको यथार्थ विवरण समेत अविलम्ब पठाई राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस कार्यान्वयमा पूर्ण सहयोग गरिदिन हुन आदेशानुसार अनुरोध छ' भन्ने व्यहोरा उल्लेख छ।

आयोगको स्थापनादेखि २०६४ असार मसान्तसम्म १४७ ओटा सिफारिस गरिएकोमा १६ ओटा सिफारिसहरू मात्र पूर्ण रूपमा कार्यान्वयन भएका थिए। त्यस्तै २० ओटा सिफारिसहरू आंशिक कार्यान्वयन भएका र १ सय ११ ओटा सिफारिसहरू कार्यान्वयन भएका थिएनन्। प्रतिशतको आधारमा हेर्दा ११ प्रतिशत सिफारिसहरू पूर्ण कार्यान्वयन भएको, १४ प्रतिशत आंशिक कार्यान्वयन भएको र ७५ प्रतिशत सिफारिसहरू कार्यान्वयन नै नभएको अवस्था रहेको थियो।

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई संवैधानिक अङ्गका रूपमा स्थापित गरिसकेपछि २०६५ चैत मसान्तसम्मा मानवअधिकारका विविध विषयमा१ सय ३८ ओटा सिफारिसहरू नेपाल सरकारलाई गरेको थियो। यसमध्ये ५ ओटा सिफारिसहरू मात्र पूर्ण कार्यान्वयन भएका र २ ओटा आंशिक कार्यान्वयन भएका छन्। त्यस्तै ७८ ओटा सिफारिसहरू कार्यान्वयनको प्रक्रियामा रहेको भनी नेपाल सरकारले आयोगलाई जानकारी गराएको छ। यद्यपि ५३ ओटा सिफारिसहरू कार्यान्वयन गर्न कुनै पहल भएको छैन।

मानवअधिकार आयोग ऐन, २०५३ को दफा १३ ले आयोगले सिफारिस गर्ने र आयोगका सिफारिसहरू सरकारले कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ। यसै ऐनको दफा १३ ले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नमिल्ने भए सोको कारण खुलाई तीन महिनाभित्र जानकारी दिनुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी आयोगबाट कारबाहीका लागि लेखिआएको विषयमा सम्बन्धित निकाय वा अधिकारीले कारबाही गरिसकेको भए त्यसको जानकारीको प्रतिवेदन सम्बन्धित निकाय वा अधिकारीले आयोगसमक्ष पठाउनु पर्ने व्यवस्था छ।

# साउन महिनाका अनुसन्धान गतिविधि

**हरिहरपुरमा गैरकानुनी हत्यासम्बन्धी अनुसन्धान**

महोत्तरी जिल्ला भरतपुर गाविस- ९ पररिया बस्ने कान्तिबजारमा कपडा पसल गर्ने सुरेन्द्र महतो (वर्ष २४) गत जेठ २४ गते धनुषा जिल्ला हरिहरपुर गाविसमा पर्ने आफ्नो ससुरालीबाट घरतिर फर्कँदै थिए। ज २ प ४५२१ नम्बरको मोटरसाइकल चलाइरहेका उनीसँग अर्का एकजना साथी अजय महतो समेत थिए। हरिहरपुर गाविसमा जाँदै गर्दा सडकमा रहेका दुई प्रहरी जवानले मोटरसाइकल रोक्न भने। चेकजाँचको क्रममा सुरेन्द्र महतोलाई प्रहरीले गोली हानी मारेको भनी प्रत्यक्षदर्शी तथा मृतकका आफन्तले दाबी गरेका छन्। आयोगको टोलीले यो घटनाको अनुसन्धान सम्पन्न गरेको छ।

**हिरासतमा भुण्डिएर मृत्यु भएको घटनाको अनुसन्धान**

गत साउन १६ गते धनुषा जिल्लाको ढल्केवरस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा स्थानीय विनोद साह (वर्ष २२) को मृत्यु भयो। ढल्केवर बजारमा रहेको स्थानीय युवा क्लबको बुद्धेश्वर महतोले फोन गरी यो घटनाका सम्बन्धमा जानकारी गराएका थिए। जानकारी पाउनसाथ त्यसै दिन मध्यमाञ्चल क्षेत्रीय कार्यालय प्रमुख प्रदीपकुमार झा र संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका बदर फारुख समेतको संयुक्त टोली स्थलगत अनुगमनमा गएको थियो। त्यसपछि हिरासतमा मृत्यु भएको मृतकको लाशजाँच कार्य डा. हरिहर वस्तीमार्फत गराइएको थियो। आयोगले यो घटनाको अनुसन्धान सम्पन्न गरिसकेको छ।

**आकाश त्यागीको मृत्युसम्बन्धी घटनाको अनुसन्धान**

साउन ७ गते जनकपुर नगरपालिकाको भ्रमरपुराचोकमा प्रहरीको गोली लागी मृत्यु भएको भनिएका तराई राष्ट्रिय मुक्ति सेनाका संयोजक एवम् पूर्व सैन्य कमान्डर आकाश त्यागी भनिने राम यादवको मृत्युसम्बन्धी अनुसन्धान कार्य आयोगको टोलीले प्रारम्भ गरेको छ। आयोगको टोलीले अनुसन्धानको सिलसिलामा आकाश त्यागीको घर धनुषा जिल्ला लक्ष्मीपुरवगेवा गाविस निजको मातापितासँग भेट गरी आवश्यक जानकारी लिने काम सम्पन्न गरेको छ।

# यस महिना मारिएका व्यक्तिहरूको विवरण

| क्र.सं. | नाम | घटनास्थल | घटना मिति | आरोपित व्यक्ति वा समूह |
|---|---|---|---|---|
| १ | अखिलेन्द्र कुमार | राजविराज, सप्तरी | साउन ३ | प्रहरी |
| २ | धर्मबहादुर शाह | मुगु | साउन २ | अज्ञात |
| ३ | जानकीदेवी उप्रेती | कालिका मन्दिर, भीमदत्ता महेन्द्रनगर | साउन ४ | अज्ञात |
| ४ | रामनारायण महतो | औराहा चोक, सिरहा | साउन ४ | अज्ञात |
| ५ | परशुराम यादव | गुरुधाम, सिरहा | साउन ६ | अज्ञात |
| ६ | गणेश शाह | जनकपुर | साउन ७ | स्थानीय वासिन्दा |
| ७ | राम यादव | जनकपुरधाम | साउन ८ | प्रहरी |
| ८ | सुवास वरुणवाल | कोहलपुर | साउन ९ | अज्ञात |
| ९ | लक्ष्मण यादव (हिमाल) | रमौली ६, वर्दिया | साउन ११ | अज्ञात |
| १० | सिन्धु खडायत | सिताद गाविस- २, चमेली बजार, बैतडी | साउन १२ | अज्ञात |
| ११ | सोनेलाल पासवान | चुर्मीखोला, सिरहा | साउन १६ | अज्ञात |
| १२ | जयराम मल्ल | अर्मा, रुकुम | साउन २३ | अज्ञात |
| १३ | अरुणकुमार नेपाली (राकेश) | सितामडी, भारत | साउन २६ | अज्ञात |
| १४ | वीरबहादुर विष्ट | महेन्द्रनगर | साउन २७ | अज्ञात |
| १५ | मोहनसिंह बोहरा | डडेलधुरा | साउन २९ | नखुलेको |
| १६ | टेकबहादुर विष्ट | डडेलधुरा | साउन २९ | खड्ग वहादुर विष्ट |

*श्रोतः राष्ट्रिय मानवअधिकार आयोग केन्द्रीय कार्यालय सुरक्षा इकाई*

# राष्ट्रिय मानवअधिकार आयोगबाट प्रकाशित निम्न प्रतिवेदनहरू आयोगका कार्यालयहरूमा उपलब्ध छन् ।









# राष्ट्रिय मानवअधिकार आयोग, नेपालमा

## वि.सं. २०६६ साउन महिनामा परेका उजुरीहरू

| सि. नं | मानवअधिकार उल्लङ्घनको विषय | जिम्मेवार पक्ष | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | | सम्पर्क कार्यालयहरू | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | हत्या | सुरक्षाकर्मी (हिरासतमा मृत्यु समेत) | | ३ | | | | ३ | | | यो महिना कुनै उजुरी परेनन् । | ६ |
| | | एनेकपा (माओवादी) | | | | १ | | | | | | १ |
| | | अन्य | | | | | | | | | | |
| २ | बेपत्ता/अपहरण | सुरक्षाकर्मी | | | | १ | १ | | | | | २ |
| | | एनेकपा (माओवादी) | | १ | २ | १ | | | २ | | | ६ |
| | | अन्य समूह | | | | | | १ | १ | १ | | २ |
| ३ | यातना/दुर्व्यवहार | सुरक्षाकर्मी | | १ | | २ | | | | | | ३ |
| | | अन्य समूह | | | २ | १ | | | | | | ३ |
| ४ | घाइते/कुटपिट | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | २ | | | | | | २ |
| | | अन्य समूह | | | | | १ | | | | | १ |
| ५ | विस्थापित | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ६ | सम्पति कब्जा | सुरक्षाकर्मी | १ | | | | | | | | | १ |
| | | एनेकपा (माओवादी) | १ | १ | | | | | | | | २ |
| | | अन्य समूह | | | | | | | | | | |
| ७ | धम्की | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | २ | | | | | | १ | | | ३ |
| ८ | कारागार/थुनासम्बन्धी | | | | | | | | | | | |
| ९ | क्षतिपूर्ति | | | | | | | | १ | | | १ |
| १० | नागरिक अधिकार | | | | | | | | | | | |
| ११ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | | | | | | | |
| १२ | महिला अधिकार | | २ | १ | | १ | | | | | | ४ |
| १३ | बालअधिकार | | | | १ | | | | | | | १ |
| १४ | न्याय प्रशासन | | २ | | | | | | | | | २ |
| १५ | विदेशमा नेपाली | | | | | | | | | | | |
| १६ | अन्य | | | | | | | | | | | |
| | **जम्मा** | | ८ | ७ | ५ | ९ | २ | ४ | ५ | १ | | ४१ |

# मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

## राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

### केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org / वेबसाइट: www.nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोन: ०२१-४६१९३१, ४६१०९३
फ्याक्स: ९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

**मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर**
जनकपुरधाम, धनुषा,
फोन: ०४१-५२७८११, ५२७८१२
फ्याक्स: ९७७-०४१-५२७२५०
इमेल: nhrcjnk@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोन: ०६१-४६२८११, ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

### सम्पर्क कार्यालयहरू

जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२
दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोन: ०७१-५४६९११

### पत्राचारको लागि

**सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,**
**केन्द्रीय कार्यालय, ललितपुर**
**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**
**फोन: ०१-५०१००१५, फ्याक्स: ००९७७-१-५५४७९७३**
**इमेल: manav.adhikarpatra@nhrcnepal.org**

### प्रापक:

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन: ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९७३, सम्पादक: भानुभक्त आचार्य